## खैरहनी नगर कार्यपालिकाको बैठक संख्या १० (आ.व.२०८१/८२)

आज मिति २०८१/१२/२६ गते मंगलबार बिहानको ७:३० बजे खैरहनी नगरपालिकाका प्रमुख श्री शशी कुमार खनियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरियो।

### तपसिल

| क्र.स. | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री शशी कुमार खनिया | |
| २ | उप-प्रमुख | श्री कविता उप्रेती | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री नवराज भुसाल | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री रोहिणी प्रसाद उप्रेती | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री पूर्ण बहादुर गुरुङ्ग | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री वेद बहादुर अधिकारी | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री छत्रनाथ सुवेदी | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री कमल प्रसाद न्यौपाने | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री मनेजर महतो | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री शंकर कंडेल | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री बन्धु राम महतो | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री चन्द्र बिक्रम चौधरी | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री दिपेन्द्र कुमार दराई | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री केदार नाथ पन्त | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री कुल प्रसाद भुसाल | |
| १६ | कार्यपालिका सदस्य | श्री बुधरमिया चौधरी | |
| १७ | कार्यपालिका सदस्य | श्री गोमा देवी घर्ति | |
| १८ | कार्यपालिका सदस्य | श्री मैया बि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री बिक्रमिया चौधरी | |
| २० | कार्यपालिका सदस्य | श्री आनन्द दराई | |
| २१ | कार्यपालिका सदस्य | श्री विष्णु माया कामि | |
| २२ | कार्यपालिका सदस्य | श्री दुखीराम दराई | |
| २३ | कार्यपालिका सदस्य | श्री मेनुका परियार | |
| २४ | सदस्य सचिव | श्री विष्णु प्र. सापकोटा | |

Scanned with CamScanner

**बैठक संख्या १० (आ.व २०८१/८२)**

क. मिति २०८१/१२/२६ गते मंगलबार

ख. बिहानः- ७:३० बजे।

**क. प्रस्तावहरुः-**

१. सीमा जोडिएका स्थानीय सरकारसंग साझेदारीमा फोहोर मैला व्यवस्थापनको लागी सम्भाव्यता अध्ययन सम्बन्धमा।

२. बागमती प्रदेशले माग गरेको समुदायमा आधारित एक वडा एक कृषी उत्पादन कार्यक्रममा सहभागिता सम्बन्धमा।

३. आ.व २०८१/८२ को योजना तथा कार्यक्रम सम्झौताको अन्तिम मिति तोक्ने सम्बन्धमा।

**निर्णयहरु**

**निर्णय नं १**

खैरहनी नगरपालिकाको दीर्घकालिनरुपमा फोहोर मैला व्यवस्थापनको लागी यस नगरपालिकासंग सीमाना जोडिएका स्थानीय सरकार तथा निजी क्षेत्र समेतको साझेदारीमा फोहोर मैला व्यवस्थापन गर्न छिमेकी पालिकाहरुसंग समझदारी गरी तोकिएका सर्तहरुको अधिनमा रही परामर्शदाताबाट सम्भाव्यता अध्ययन गराउने र सम्भाव्यता अध्ययनबाट प्राप्त सिफारिस बमोजिम अगाडि बढ्ने।

**निर्णय नं २**

बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत कृषि विकास निर्देशनालयको मिति २०८१/११/२८ को समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि वडा/बाली छनौट सम्बन्धी सूचना सम्बन्धमा खैरहनी नगरपालिकाको तपसिल बमोजिमको वडा र बाली प्राथमिकताको आधारमा छनौट गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने लागत सहभागिता बापतको रकम खैरहनी नगरपालिकाको मौज्जाद रकमबाट खर्च व्यवस्थापन गर्ने।

**तपसिल :**

| प्राथमिकता | वडा | बाली |
|---|---|---|
| १ | १० | आलु |
| २ | ११ | आलु |
| ३ | ५ | धान |

**निर्णय नं ३**

संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट रकम विनियोजन भई उपभोक्ता समितिद्वारा सञ्चालन हुने योजनाहरुको मिति २०८१ बैशाख ०७ गते भित्र सम्झौता गरिसक्ने तत् पश्चात अत्यन्त महत्त्वपूर्ण र कार्यान्वयन नगरी नहुने बाहेकका योजनाहरुको सम्झौता नगर्ने ।

Scanned with CamScanner